आर्थिक अभियान

सोमवार, २४ असार २०८१ । Monday, 8 July 2024

# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
# Swabalamban Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)
केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाडौं ।
फोन नं.: ०१-४५३४९२१/२२ मोबाइल नं. ९७०१०००२११, ९८४२८६२९२३
इमेलः gsd@swbbl.com.np

## केन्द्रीय कार्यालयको लागि जग्गा खरिद सम्बन्धी प्रस्ताव माग गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८१/०३/२४**

यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयको लागि देहायका स्थान वा क्षेत्रमा देहाय अनुसारको सुबिधा भएको जग्गा आबश्यक भएकोले बिक्री गर्न इच्छुक ब्यक्ति/संस्थाले निर्धारित शर्तहरुको अधिनमा रही रितपूर्बकको शिलबन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. विक्री गर्न चाहेको जग्गा काठमाडौं महानगरपालिका भित्रको न्यूनतम १६ फिटे मोटर बाटो भएको १६ देखि ३२ आनासम्मको क्षेत्रफल भएको हुनुपर्नेछ ।

२. खानेपानी, नेपाल विद्युत प्राधिकरणको विद्युतिय लाइन (३ फेज) तथा ढलको राम्रो व्यवस्था भएको साथै मुद्दा मामिला/झैझगडा नपरेको, मोहीको विवाद नरहेको, कानूनी रुपमा जग्गाको स्वामित्व हक हस्तान्तरण गर्न बन्देज नरहेको जग्गाको यकिन हुने तथा जग्गाधनीको एकलौटी हक भोग रहेको प्रमाण पेश गर्नुपर्नेछ । यदि जग्गामा एक भन्दा बढी हकदार भए हकदारहरुको लिखित मन्जुरीनामा पेश गर्नुपर्नेछ ।

३. विक्री गर्न चाहेको जग्गाको साध सिमाना स्पष्ट र निर्विवादित भएको हुनुपर्ने छ ।

४. विक्री गर्न चाहेको जग्गाको मूल्य प्रति आना/रोपनी वित्तीय संस्थाबाट तोकिएको ढाँचाको फाराममा जग्गाको विवरण तथा मूल्य समेत अंक र अक्षरमा स्पष्ट खुलाई उल्लेख हुनुपर्नेछ । अंक र अक्षर नमिली विवाद भएमा अक्षरलाई मान्यता दिइनेछ ।

५. प्रस्तावित जग्गाको आबश्यक कागजात, जग्गाधनी पूर्जा, प्राकृतिक ब्यक्ति भए नेपाली नागरिताकको प्रतिलिपि लगायत चालु आ.व. मा सम्पत्ति कर/तिरो तिरेको रसिदको प्रतिलिपि र ४ किल्ला प्रमाणित सिफारिस पत्र र जग्गाको कित्ता नं स्पष्ट देखिने गरी ब्लु प्रिन्ट नापी नक्सा अनिबार्य रुपमा संलग्न गरी पेश गर्नु पर्नेछ । प्रस्तावित जग्गा संगठित संस्थाको भएमा माथिका कागजातका साथै दर्ता प्रमाणपत्रको प्रतिलिपी, जग्गा विक्री गर्ने भन्ने बारे अधिकार प्रत्यायोजन सहितको संचालक समितिको निर्णय र अख्तियार प्राप्त पदाधिकारीको नागरिकताको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

६. जग्गाको स्थान खुल्ने नक्सा (Location Map) मा सम्बन्धित नक्सामा चिन्ह लगाई पेश गर्नुपर्नेछ ।

७. बोलपत्रको साथमा कबोल अंकको ५ प्रतिशत रकम सिटिजन्स् बैंक ईन्टरनेशनल लि., कमलादी, चल्ती खाता नं.००१०१००००४९५४२०१ मा जम्मा गरेको सक्कल बैंक भौचर, कवोल गरेको ५ प्रतिशत रकम वा कम्तीमा ९० दिनको Bid-Bond संलग्न गर्नुपर्नेछ ।

८. जग्गा विक्री गर्न इच्छुक ब्यक्ति/संस्थाले मिति.२०८१/०३/३० गते ५:०० बजेसम्म खामको वाहिरपट्टी **"स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि. जग्गा विक्री प्रस्ताव"** भनी उल्लेख गरी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंमा सिलबन्दी निवेदन बुझाउनु पर्नेछ ।

९. प्राप्त प्रस्तावहरु मिति २०८१/०३/३१ गते अपरान्ह ३:०० वजे वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंमा प्रस्तावकहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रस्ताव खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा खोलिने छ । सम्बन्धित प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पुग्ने छैन ।

१०. म्याद नाघी वा रित नपुगी दाखिला भएका प्रस्तावहरुलाई कुनै मान्यता दिइने छैन ।

११. कुनै पनि शर्त राखी पेश भएको प्रस्ताव मान्य हुने छैन ।

१२. प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहनेछ ।

१३. निवेदन/फारामको ढाँचा तथा थप जानकारीको लागि वित्तीय संस्थाको ठेगानामा सम्पर्क राख्न सकिने छ ।